# महिला तथा बालबालीका विकास बिशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६

भूमीका :

नेपालको संविधानमा तिन तहको सरकारको परिकल्पना गरिएकोछ । जस अनुसार स्थानीय सरकार सञ्चालन भईरहेका छन् । मुलुकको सर्वाङ्गीण विकासको लागि महिला तथा बालबालिकाको हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्नु अत्यावश्यक रहेको छ । खैरहनी नगरपालिकामा बसोबास गर्ने महिलाहरुलाई उनीहरुसंग सम्बद्ध कानूनमा भएको व्यवस्थाका बारेमा जानकारी गराउँदै सशक्तीकरणको माध्यमबाट विकासको मूलप्रवाहमा समेट्नु आवश्यक छ भने भविश्यमा राष्ट्र सञ्चालनका लागि योगदान गर्न सक्ने बालबालीकाका लागि उनीहरुको अधिकारबारे सचेत गराउदै संरक्षण तथा सम्बर्द्धनमा ध्यान पुऱ्याउन जरुरी छ । हाल यस नगरपालिकामा पनि जोखिममा परेका बालबालीका तथा हिंसापीडित महिलाहरुको संख्या बढदो अवस्थामा रहेकोछ । यस्तो अवस्थामा सुधार ल्याउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगरपालिकाको कार्यपालिका बैठकले यो महिला तथा बालबालिका विकास बिशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ स्विकृत गरेकोछ ।

## परिच्छेद १
## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम **"महिला तथा बालबालिका विकास बिशेष कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले जारी गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखी लागु हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'प्रमुख' भन्नाले नगर कार्यपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ख) 'उपप्रमुख' भन्नाले नगर कार्यपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ग) 'कार्यपालिका' भन्नाले संविधानको धारा २१६ बमोजिम गठीत खैरहनी नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) 'लेखा प्रमुख' भन्नाले नगर कार्यपालिकाको लेखा प्रमुखलाई सम्झनु पर्दछ ।

(च) 'ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(छ) 'नगरसभा' भन्नाले संविधानको धारा २२३ बमोजिम गठीत खैरहनी नगरसभा सम्झनु पर्दछ ।

(ज) 'वडा समिति' भन्नाले संविधानको धारा २२३ को उपधारा (४) बमोजिम गठीत खैरहनी नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

(झ) 'कोष' भन्नाले खैरहनी नगरसभाले स्थापना गरेको महिला तथा बालबालिका विकास बिशेष कोषलाई सम्झनु पर्दछ ।

(ञ) जोखिममा परेका महिला भन्नाले घरेलु हिंसाबाट पीडित, परिवारले वेवास्ता गरेका, श्रीमान वा वरिवारका अन्य सदस्यबाट शारिरीक यातना पाईरहेका, श्रीमान वेपत्ता भएर परिवारबाट अपहेलित भएका, अंश नपाएर दुःख पाईरहेका, बलत्कार एवं यौन शोषण र दुर्व्यवहारबाट पीडित, बहुबिबाहबाट पीडित, मानव बेचबिखनमा परेका, नागरिकता नपाईरहेका, जबंरजस्ती बिबाह बन्धनमा परी यातना भोगीरहेका, नाता कायम हुन नसकी सेवा सुविधाबाट वञ्चित, अपहरण हत्या हिंसाबाट पीडित लगायत अन्य पीडा भोगीरहेका महिला बुझ्नु पर्दछ ।

(ट) जोखिममा परेका बालबाँलीका भन्नाले मानव बेचबिखन तथा अपहरण हत्या हिंसाबाट पिडित बालबालीका, बाबु आमा गुमाएका, सडकमा बाँचीरहेका, परिवारजनबाट अपहेलित, द्वन्द्वबाट शारीरिक मानसिक यातना पाएका वा अन्य यस्तै यातना भोगिरहेका बालबालीकालाई बुझ्नु पर्दछ ।

## परिच्छेद २
## कार्यक्रमको उद्देश्य

३. महिला तथा बालबालिका संरक्षण, विकास तथा व्यस्थापन कार्यक्रम सञ्चालन गर्न सक्ने :
खैरहनी नगरपालिकाले आफ्नो क्षेत्र भित्रका आर्थिक, समाजिक, शैक्षिक तथा अन्य तरिकाले पछाडी परेका, महिला तथा बालबालिको संरक्षण, विकास तथा व्यस्थापनको साथै तिनीहरुको जीविकोपार्जनको लागि आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, तथा संस्थागत विकास जस्ता कार्यक्रम सञ्चालन गर्नु यसको प्रमुख उद्देश्य हुनेछ । उक्त उद्देश्य परिपूर्तीको लागि खैरहनी नगरपालिकाले एक कोष स्थापना गरेकोछ । यस कोषमा संचित रकमबाट नगर कार्यपालिकाले निर्धारण गरेका महिला तथा बालबालिका संरक्षण, विकास तथा व्यस्थापनसंग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

४. योजनाको सञ्चालन तथा कार्यान्वयन :
(१) यस कोषबाट खर्च गर्ने गरी छनौट भएका आयोजना तथा कार्यक्रमहरु नगरपालिका आफैले सार्वजनिक खरिद प्रक्रियाद्धारा वा उपभोक्ता समिति मार्फत सञ्चालन गरिनेछ ।
(२) उपदफा (१) बमोजिम सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत सञ्चालन हुने भएमा उपभोक्ताको लागत सहभागीता अंश नगरपालिकाले तय गरे बमोजिम हुनेछ ।
तर यस कोष अन्तरगत सञ्चालित आयोजनाको लागि तोकीएको उपभोक्ता अंश नगरपालिकाले सञ्चालन गर्ने अन्य आयोजनाको हकमा लागु हुने छैन ।

५. कोषको व्यवस्था : (१) महिला तथा बालबालिका विकास बिशेष कोषमा देहायका रकम जम्मा हुनेछन्,
(क) खैरहनी नगरपालिकाको नगरसभाद्धारा महिला तथा बालबालिका विकास बिशेष कोषका लागि बिनियोजीत गरेको रकम,
(ख) संङ्घीय सरकार तथा प्रदेश सरकारले महिला तथा बालबालिका संरक्षण तथा विकासमा सहयोग पुऱ्याउन उपलब्ध गराएको रकम,
(ग) दातृ संघसंस्थाद्धारा महिला तथा बालबालिका संरक्षण तथा विकास गर्नको लागि उपलब्ध गराएको रकम,
(घ) विभिन्न व्यक्ति तथा समूहबाट सो कार्यक्रमको लागि उपलब्ध गराएको रकम,
(ङ) अन्य रकम
(२) कोष सञ्चालन तथा व्यवस्थापन :
(क) दफा ५ को उपदफा (१) बमोजिम प्राप्त हुने रकम नगर कार्यपालिकाले तोकेबमोजिमको बैङ्कमा खाता खोली राख्नु पर्नेछ ।
(ख) कोषमा प्राप्त हुने सबै प्रकारको स्रोत अनुसारको खाता वा सहायक खाता तयार गरी राख्नु पर्नेछ ।
(ग) कोषको सञ्चालन नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत र नगर कार्यपालिकाको कार्यालयका लेखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।
(घ) यस कोषको रकम यस कार्यविधिमा उल्लेखित उद्देश्य प्राप्तिका लागि नगर कार्यपालिकाले तोकेबमोजिमका कार्यमा मात्र खर्च गरिनेछ । यस कोषमा जम्मा भएको रकम खर्च नभएमा संचित हुँदै जानेछ ।
(ङ) यस रकमबाट आर्थिक सहायता, चन्दा पुरस्कार जस्ता बितरणमुखी कार्यक्रमका लागि खर्च गर्न पाईने छैन ।
(३) कोषको रकम खर्च गर्ने क्षेत्रहरु : यस कोषबाट देहायका शिर्षकमा नगर कार्यपालिकाले कार्यक्रम तय गरी खर्च गर्न सक्नेछ,
(क) आर्थिक विकास सम्बन्धी कार्यहरु,
(१) हिंसा पिडित महिलाहरुको लागि आर्थिक उपार्जनको लागि सहयोगी हुने कार्यक्रमहरु,
(२) महिलाहरुको मात्र सहभागिता भएको व्यवसायीक कृषि तथा पशुपालन विकासका लागि सहयोग पुऱ्याउने खालका आयोजनाहरु,
(३) परम्परागत पेशालाई सहजीकरण गर्न सक्ने सीप क्षमताका कार्यहरु,
(४) महिलाहरु मात्र आवद्ध भई सञ्चालन गरेको सामुहीक खेती प्रणाली,
(५) हिंसा पिडित महिलाहरुले सञ्चालन गरेको सामुहीक उद्यममा बिउ पुँजीको रुपमा लगानी गरिने रकम,
(६) बालश्रमीकको रुपमा रहेका बालबालीकाको जिविकोपार्जनको लागि गरिने लगानीहरु,
(७) असाहाय बालबालीकाको जिविकोपार्जनको लागि गरिने लगानीहरु ।

(ख) सामाजिक विकास सम्बन्धी कार्यहरु :

(१) सीप विकास तथा क्षमता अभिवृद्धी सम्बन्धी कार्यक्रमहरु,

(२) स्थानीय माग बमोजिम महिलालाई रोजगारीमा टेवा पुग्न सक्ने खालका आयोजनाहरु,

(३) अभिभावक बिहिन बालबालीकाको लागि नगरपालिकाले अभिभावकत्व ग्रहण गरी त्यस्ता बालबालिकाको माध्यमीक तहसम्मको शिक्षा प्राप्तीको लागि गरिने खर्चहरु,

(४) जोखिममा परेका महिला तथा बालबालीकाहरुको संरक्षणको लागि स्थापीत पुनस्थापना केन्द्र सञ्चालनको लागि हुने खर्चहरु

(५) जोखिममा परेका महिला तथा बालबालीकाहरुको उद्धार गरी सम्बन्धीत निकायसम्म पुऱ्याउनको लागि भएका खर्च, सामान्य उपचार खर्च तथा संरक्षणको लागि तत्काल गरिने(आङ्ग ढाक्ने लुगा, खाना खुवाउनको लागि गरिने खर्च आदि) ,खर्चहरुको रकम

(ग) पूर्वाधार विकास सम्बन्धी कार्यहरु :

(१) जोखिममा परेका महिलाहरुको संरक्षणका लागि निर्माण गरिने पुनःस्थापना केन्द्र स्थापना गर्न गरिने रकम,

(२) जोखिममा परेका महिलाहरुको संरक्षणका लागि अन्य छिमेकी स्थानीय तहमा निर्माण गरिने पुनःस्थापना केन्द्र स्थापना गर्न गरिने सहयोग रकम,

(३) जोखिममा परेका बाबालीकाहरुको संरक्षणका लागि निर्माण गरिने पुनःस्थापना केन्द्र स्थापना गर्न गरिने रकम,

## परिच्छेद ३

## अनुगमन सम्बन्धी व्यवस्था

६. स्थानीय तहले आफ्नो क्षेत्रभित्र यस कोषबाट सञ्चालित कार्यक्रम वा आयोजनाको अनुगमन प्रगती प्रतिवेदन र समिक्षा नगरसभामा पेश गर्नु पर्नेछ। स्थानीय तहले यस कार्यक्रमको प्रभावकारीता सम्बन्धी अध्ययन गर्न स्वतन्त्र परामर्शदाता नियुक्ती गरी गराउन सक्नेछ।

७. आयोजना जाँचपास तथा फरफारक सम्बन्धी व्यवस्था : (१) स्थानीय तहले कार्यक्रम वा आयोजना सम्पन्न भए पछि अनिवार्य रुपमा जाँचपास र फरफारक गराउनु पर्नेछ।

(२) भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिक प्रमुखले पेश गरेको कार्य मूल्याङ्कन र सार्वजनिक परीक्षणका आधारमा गर्नु पर्नेछ।

(३) अन्य कार्यक्रमको हकमा कामको प्रकृतिका आधारमा आवश्यकता अनुसार सार्वजनिक परीक्षण, उपभोक्ता समितिको निर्णय, वडा कार्यालयको सिफारिश तथा अन्य आवश्यक कागजातका आधारमा गर्नु पर्नेछ।

८.लेखापरीक्षण सम्बन्धी व्यवस्था : यस कोषको लेखा परीक्षण देहाय बमोजिम हुनेछ ,

(१) यस कोषको आन्तरिक लेखा परीक्षण खैरहनी नगरपालिकाले व्यवस्था गरे बमोजिम हुनेछ।

(२) अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयले गर्नेछ।

९. बाधा अडकाउ फुकाउन सक्ने : यस कार्यविधिको कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अडकाउ आई परेका त्यस्तो बाधा अडकाउ नगर कार्यपालिकाले फुकाई कार्यलाई सहजीकरण गर्न सक्नेछ।

१०. संशोधन : यस कार्यविधिमा संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।